नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ राजविराज दैनिक स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक ८७ २०७७ साल कात्तिक १५ गते शनिबार (31 Oct. 2020 Saturday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : मिथिला क्षेत्रमा यसरी ... ३ पृष्ठमा : रात्रिकालीन खेल हेर्ने ... ३ पृष्ठमा :प्रविधिका क्षेत्रमा आत्मनिर्भर ...

# बारा घटनाको बिरोधमा राजबिराजमा प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, १४ कात्तिक ।**

बाराको कबही गोठमा प्रहरीले गरेको ज्यादतीको घटनाको बिरोधमा जसपा सप्तरी निकट युवा विद्यार्थीहरूद्वारा राजबिराजमा शुक्रबार प्रदर्शन गरेको छ ।

स्थानिय शिव मन्दिरको प्राङ्गणबाट सुरु गरेको ¥यालीले नगरको विभिन्न ठाउमा प्रदर्शन गरेको थियो ।

गत बुधवार बेलुका बारा जिल्लाको स्वर्ण गाउँपालिकास्थित प्रहरी चौकी कवही गोठको नेपाल प्रहरीले ज्यादती गर्दै लाठी र गोली प्रहारबाट स्थानीय रञ्जन कुमार यादवलाई गम्भीर घाईते बनाएको थियो ।

यसैगरी प्रहरीको लाठी प्रहारबाट जनता समाजवादी पार्टी, नेपाल बारा जिल्लाका नेता एवम् तात्कालीन समाजवादी पार्टीका जिल्ला उपाध्यक्ष धर्मवीर यादवको टाउकोमा चोट लागी घाइते वनाइएको तथा दर्जनौं व्यक्तिहरुको घाइते भएका थिए ।

भारतीय सीमा क्षेत्र नजिक रहेका स्थानिय नेपालीहरूले घरका निमित्त चाहिने दैनिक खाद्य वस्तु तथा ८/१० किलो आलु-प्याज साइकलमा ल्याउने क्रममा प्रहरीले उनीहरुलाई पक्राउ गरेको थियो । सोही विषयमा स्थानीयहरुले प्रहरीको ज्यादती रोक्न र निजहरुलाई रिहा गर्न भनि अनुरोध गर्दा प्रहरीले नानाथरी भन्दै एक्कासी लाठी र गोली प्रहार गरी घाईते बनाएको जनाइएको छ ।

प्रहरी प्रशासनको मिलेमतोमा ट्रकका-ट्रक सामानहरु अवैध रुपबाट वोर्डरबाट तस्करी भइरहनेलाई नियन्त्रण गर्नुको साटो आफ्नो घर खर्चका लागि ल्याउने सोझा जनताहरुलाई रोक्ने, छेक्ने र दमन गर्ने कार्यको जनता समाजवादी पार्टी नेपाल घोर निन्दा गरेको छ ।

सो पार्टीका सप्तरी अध्यक्ष केदार यादवले बारा घटनामा गोली लागेको र घाइते

*बाँकी अन्तिम पृष्ठमा*

# कुखुरा फर्म तथा औषधी पसल संचालक लागु औषधसहित पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १४ कात्तिक ।**

सप्तरीको बोदेबरसाईन नगरपालिका वडा नं. १० खडकपुरस्थित एक घरमा संचालनमा रहेको कुखुरा फर्मै तथा औषधी पसल संचालक लागु औषधसहित शुक्रबार पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सोही नगरपालिका १० खडकपुर निवासी ३७ वर्षिय रंजित कुमार यादव रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै बरामद भएको लागु औषधमा डाईलेक्स डि.सी. सिरप ३५ बोतल, नाईट्रोभेट ट्याव्लेट ७० पिस, नफीङ्ग इन्जेक्सन २ पिस, डाईजेलप इन्जेक्सन ७ पिस र स्पास्मो प्रोभोल ट्याव्लेट १४४ पिस रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय वोदेवर्साईन र प्रहरी चौकी देउरीबाट खटिएको सादा पोसाकको टोलीले शंकालागी उक्त फर्ममा चेक जाँच गर्दा धानको भुसामा प्रतिबन्धित लागु औषध लुकाई छिपाई राखेको अवस्थामा फेला पारेको जनाइएको छ ।

यता पक्राउ परेका यादवलाई ईलाका प्रहरी कार्यालय कडरबोनामा राखि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# कोरोनाको जोखीमका बीच मुस्लिम समुदायले मनाए पैगम्बरको जन्मजयन्ति



**दैनिक समाचारदाता**
**राजविराज, १४ कात्तिक ।**

इस्लाम धर्मका प्रवर्तक पैगम्बर हजरत मोहम्मदको १४९१ औं जन्म जयन्ति शुक्रबार राजविराजमा ¥याली तथा विविध कार्यक्रमको आयोजना गरि मनाइएको छ ।


कोरोना महामारीका बीच ¥यालीका सहभागिहरुले मास्कको अनिवार्य प्रयोग तथा सेनिटाइज एक आपसमा छर्दै मुस्लिम समुदायले आफ्ना प्रवर्तक पैगम्बर हजरत मोहम्मदको जन्म जयन्ति मनाएका हुन् ।

राजविराज नगरपालिका वडा नं. ४ का अध्यक्ष मो. अख्तर बाबाले कार्यक्रमका सहभागिहरुलाई निशुल्क मास्क तथा सेनिटाइजर बितरण समेत गरेका थिए ।

*बाँकी अन्तिम पृष्ठमा*

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?



नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय ....

### परिवर्तित मौसमसँग सँगै बाच्ने बानी बसालौं

एक मौसम परिर्वन भएर अर्कोको आगमन हुने समयमा व्यक्तिको स्वास्थ्यमा प्रभाव पर्छ जसले गर्दा बिभिन्न किसिमका रोगहरु लाग्ने गर्छ। जस्तै झाडापखाला, ज्वरो, रुघाखोकी, शरीर दुख्ने जस्ता बिमारीहरु मौसम परिवर्तन हुँदा बढी मात्रामा लाग्ने गर्छ। व्यक्तिहरुले यसतर्फ ध्यान नदिंदा यस किसिमका सामान्य रोगले उग्र रुप लिएर जटिल समस्या निम्त्याउँछ। जसले गर्दा आर्थिक भार मात्र खेप्नुपर्दैन व्यक्तिहरुको ज्यान समेत जान सक्ने भएकाले मौसम परिवर्तन भइरहेको समयमा चनाखो हुनु जरुरी हुन्छ।

पृथ्वीमा बिभिन्न समयमा बिभिन्न किसिमका मौसमहरु आउँछ। मुख्यगरी गर्मी, बर्षा र जाडोको मौसमकाबीच मानवसहितका सजिव प्राणीहरु जीवनयापन गर्ने गर्छन्। गर्मीबाट बर्षाको मौसम आउँदा बढी मात्रामा झाडापखालाको प्रकोप देखापर्छ। बर्षापछि आएको गर्मी परिवर्तन भएर जाडो आउन थालेपछि रुघाखोकी, ज्वरोसहितका सामान्य लक्षणहरु व्यक्तिमा देखापर्छन्। यस्ता सामान्य बिमारीहरुको समयमै ध्यान नदिइए निमोनिया, कोल्ड डायरिया सहितका ठूला रोगहरु लाग्न सक्छन्। यो रोगहरु बालबालिका र बृद्धबृद्धामा बढी लाग्छ।

यसर्थ मौसम परिवर्तन भइरहेको समयमा ध्यान दिनु जरुरी छ। खासगरी शरीरको तथा घर, आँगनको सरसफाईमा बढी ध्यान दिनुपर्छ। बालबालिका तथा बृद्धबृद्धालाई जाडोको समयमा न्यानो पार्ने कपडाहरु प्रशस्त मात्रामा लगाइरहनुपर्छ। खानबिनमा बिशेष ध्यान दिनुपर्छ। ताजा खाना मात्र खानुपर्छ र उमालेको पानी पिउनेतर्फ ध्यान दिनु जरुरी छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मिथिला क्षेत्रमा यसरी मनाइँदैछ कोजाग्रत पूर्णिमा

धनुषा, १४ कात्तिक (रासस)।

शुक्रबार कोजाग्रत पर्व। विधिवतरुपमा महालक्ष्मीको पूजापाठ गर्दै यस वर्षको विजयादशमीको समापन गरिदैंछ।

महालक्ष्मीको पूजापाठ गर्दै कोजाग्रत पूर्णिमाका दिन रातभर जाग्राम रहने चलन छ। यद्यपि मिथिला क्षेत्रमा भने कोजाग्रत पूर्णिमा मनाउने चलन आफ्नै किसिमको छ।

मिथिला क्षेत्रमा कोजाग्रतलाई कोजगरा भन्ने गरिन्छ। यस दिन पान, मखान, फलफूल, दही र मिठाई महत्वपूर्ण मानिन्छ। पूगस्जापाठका साथै यसै वर्ष विवाह भएका नवजोडीका लागि पनि यो दिन विशेष रहने गर्दछ।

पछिल्लो वर्ष मंसिरदेखि असारसम्म वैवाहिक बन्धनमा बाँधिएका बेहुली पक्षबाट बेहुलाको घरमा भार (विशेष किसिमको कोसेली) पठाउने चलन छ। भारमा पान, मखान, फलफूल, दही, मिठाइ, सौंफ, मुमफली अनिवार्य नै हुन्छ भने बेहुलासहित उनको परिवारका हरेक महिला सदस्यका लागि कपडा पनि लग्नै पर्ने हुन्छ। बेहुलीको घरबाट बेहुलाको घरमा भार आएपछि बेहुलालाई चुमाउने गरिन्छ। अर्थात चुमाओन गरिन्छ। पुरोहितले मन्त्रोच्चारण गर्दै बेहुलालाई चुमाएपछि ठूलाबडाले दुर्वाक्षतसहित आर्शिवाद दिने गर्छन्। यस दिन बेहुलाहरुलाई मिथिलाको पाग लगाइदिदैं ससुरालीबाट आउने कपडा पहिर्‍याउने गरिन्छ।

बेहुलीकै घरबाट आउने डाला, धान, अक्षता, दही, केराजस्ता पूजा सामग्रीबाट बेहुलालाई चुमाउने गरिन्छ। बेहुलाको टाउकोदेखि खुट्टासम्मको पाँच प्रमुख स्थानलाई चुमाउने चलन छ। चुमाओन गरिनु भनेको एक किसिमको आर्शिवाद दिनु हो। चुमाओन विधि सकिएपछि सामूहिक रुपमा भोजजस्तै खानपिनको आयोजना गरिन्छ। क्षमता हुनेले ठूलो भोजकै आयोजना गर्छन् यस दिन। यस अवसरमा मिठाइ, मखान, पान बाँड्नैपर्ने हुन्छ।

खानपिनपछि कौडासहित पचिसी खेल्ने चलन छ। आठ कौडीहरू र सोह्र गोटीद्वारा पासाका चौसट्ठी बेहुला र बेहुलीका दाजु वा भाईबीच खेलिन्छ। बेहुली पक्षबाट यस दिन भारका साथै अन्य सामानहरु पनि दिने चलन छ। आभूषण, औंठी, छाता, घडी पनि बेहुला पक्षलाई बेहुली पक्षले दिनुपर्ने हुन्छ। यस दिन छोरीको विवाह गर्दा प्रतिबद्धता गरे अनुसारको बाँकी रहेका दाइजो पनि दिने चलन छ। यस दिन बेहुली पक्षबाट कम्तीमा पाँच जनादेखि ११ वा १५ जनासम्म भार लिएर आउने गर्छन्। क्षमता हुनेले सय वटासम्म र नहुनेले कम्तीमा ११ वटासम्म भार पठाउनुपर्ने हुन्छ।

छोरीको विवाह भएर विदाई गर्ने बेलामा दिइने कोसेली झैं कोजगरा पर्वमा पनि कोसेलीहरु दिइने गरिन्छ। मिथिला संस्कृति अनुसार यसअघि मधुश्रावणीका दिन बेहुलाको घरबाट बेहुलीको घरमा भार पुर्‍याउनुपर्ने हुन्छ।

**जानकी मन्दिरमा उत्सव मनाइँदै**

कोजगराका दिन जनकपुरधामस्थित जानकी मन्दिरमा उत्सव नै मनाइन्छ। यो उत्सवमा जानकी मन्दिरका महन्थले भगवान् राम र माता सीताको प्रतीकात्मक कोजागरा गर्ने गर्छन्।

यस दिन महोत्तरीको रतौलीबाट आउने भार आउँछ। बनौली निवासी महेन्द्र ठाकुरको घरबाट फलफूल मिठाई दही च्यूरा, पान मखानसहितका एक सय ८ वटा भार यस पटक पनि आएको छ।

मन्दिरमा माता जानकी र भगवान श्रीरामको पूजापाठको तयारी बिहानैदेखि मन्दिरमा तयारी थालिएको छ। कोजगराको अवसरमा बिहानैदेखि जानकी मन्दिरमा श्रद्धालुहरुको व्यापक भीड लागेको छ।

**मिथिलाको पान संस्कृति**

हरेक शुभ कार्यमा पानको पात आवश्यक हुन्छ। माछ (माछा), पान र मखानका लागि चर्चित मानिन्छ मिथिला नगरी जनकपुरधाम। मिथिलाञ्चलवासीले पानलाई आफ्नो जीवनको अति आवश्यक सामग्रीको सूचीमा समावेश गरेका पाइएको छ। यहाँ आउने पाहुना, साथीसंगीलाई चिया र पानको लागि सोधिने गरिन्छ। धर्मशास्त्रमा पानलाई शुद्ध र पवित्र मानेर देवतालाई पनि चढाइन्छ। पूजा, उत्सव र भोजभतेरमा पान अनिवार्य झैं भएकाले पनि यसले मिथिलाञ्चलमा अधिक महत्व पाएको हो।

भरदुतिया पर्वमा पानको पात भाइको हातमा राखी पूजा गर्ने चलन छ। विवाहमा वर-वधुलाई मायाका रूपमा पान खान दिने चलन पनि छ। यसबाट परस्परमा मायाको अभिवृद्धि हुने जनविश्वास छ। पान मिथिला क्षेत्रमा अति पवित्र मानिएको पाइन्छ। यस क्षेत्रमा प्रत्येक पूजा-प्रतिष्ठा, यज्ञ-अनुष्ठान, व्रत, पर्व, शुभाशुभ सांस्कारिक एवं देव-पितृ कार्य इत्यादिका अवसरमा पानको पातको आवश्यकता पर्ने गर्दछ।

यसरी नै गृहदेवताको पूजाआराधनादेखि लिएर सत्यनारायणको पूजा, चौठचन्द्र, छठ पर्व, रविशनि पर्व जस्ता पर्वहरूमा 'फूलपान' भनेर 'अर्घ्य' चढाइने गरिन्छ, जसमा पानको पात, फूल र फल, प्रायः केरा, राखेर 'अर्घ्य' दिइने प्रचलन रहेको छ।

यसका साथै यस क्षेत्रमा पानको पातलाई खाने कार्यमा पनि उपयोग गरिन्छ। पानको पातको कतिपय अवस्थामा औषधीय उपयोग समेत रहेको बताइन्छ। यसलाई चून, कथा, सुपारी आदिका साथ प्रायः भोजनोपरान्त खाने प्रचलन छ। मिथिला क्षेत्रको सुप्रसिद्ध तिथि कोजाग्रत पूर्णिमाका दिन मधुर, मखान तथा पान खाने प्रचलन रहेको छ। यसका साथै यस क्षेत्रमा प्रायः आयोजना भइरहने भोजका अवसरमा पनि पान-सुपारी खुवाइने गरिन्छ। यसरी पान खाँदा यसमा अनेक प्रकारका मसाला, जर्दा, सुगन्धित वस्तु इत्यादि पनि मिसाइने गरिन्छन्।

पानको धार्मिक महत्वसँगै सांस्कृतिक महत्व पनि उत्तिकै छ। कुनै कन्याको सौन्दर्यको वर्णन गरिँदा उनको पातलो ओठलाई 'पानजस्तो पातलो ओठ' भनेर तारिफ गरिन्छ। वात्स्यायनको कामसूत्रमा पान खाने सन्दर्भलाई सोह्रशृङ्गारमध्ये एक मानिएको छ। परापूर्वकालमा महिलाले मात्र पान खाने गरेको प्रसङ्गसमेत त्यसमा उल्लेख भएको पाइन्छ।

आयुर्वेद चिकित्साका पिता धन्वन्तरीले पानमा १ सय ५ गुण हुने बताएका छन्। उनका अनुसार खानपानपछिको पान अम्मल मात्र नभई पाचन क्रियाको सहयोगी हुन्छ। रुघाखोकी, सर्दी र रक्त विकारमा पानलाई उत्तम मानिन्छ। आयुर्वेदमा पानको गुण रक्तवर्द्धक, कफनाशक, बलवर्द्धक र रुचिकारक बताइएको छ। मैथिल संस्कृतिमा पानको प्रमुखताका कारण अनेकौं लोकगीतमा यसको चर्चा पाइन्छ। भाइ-बहिनीको अमरप्रेमको प्रतीक पर्व सामा चकेवाको गीतमा बहिनीले आफ्नो भाइका लागि यसरी गीत गाउँछिन्-

पनमा जे खएला हो भैंया
पिकीया नेडौला अहीठाम
तहि पिकिये हो भैया जङ्गा-
जमुना अएलइ बाढि

त्यस्तै सोहरगीतमा नायिका गर्भवती भएपछि आफ्ना प्रियतमलाई भन्छिन्-

ढोलिएक पान देलनि किछु
नहि देलनि

एउटा शृङ्गारिक लोकगीतमा पानको यसरी पनि चर्चा गरिएको छ-

हँसी-हँसी पनमा खियौले
बइमनमा
कि अपने वसे रे परदेश
गोरी रे चुनरियामे दगिया
लगाइ गेले
मारिके करेजबामे ठेस

पान मैथिल संस्कृतिको अभिन्न अङ्ग बनेकाले मिथिलाञ्चलमा कलकतिया, बनारसी, देशी, मगही, हरियरपात एवम् मीठा पातको अधिक प्रचलन भएको पाइन्छ।

**पान वहुपयोगी लहरेदार बनस्पति**

पान वहुपयोगी लहरेदार बनस्पति हो। पान खाने नेपाल,भारत लगायत दक्षिण(पूर्व एसियाको परम्परा रहेको छ। पान को पातमा चूना, कत्था, सुपारीको टुकडा, सौंफ एवं अन्य विभिन्न प्रकारका मसला सुगन्धित आदि हालेर खाने चलन छ।

प्राप्त जानकारी अनुसार अहिलेसम्म पान पातका ६४ जातहरु भारतमा पाइन्छ। तीमध्ये प्रमुख जातहरु देशी, काली, रायटेक आदि महाराष्ट्रमा। साँची, मिठु (मिठा पत्ता), जहाजी र बङ्गला पान आसाम र पश्चिम बङ्गालमा तथा देशी देशावरी, कपुरी, मधही, वनारसी, कलकतीया बंगलापान उत्तर प्रदेशमा लगाइन्छ।

नेपालमा हासम्म उत्पादन गरिएका जातहरुमा देशी, बङ्गला, संचारी र मिठापत्ता पान हो। पान खेतीका लागि उपयुक्त हावापानी भएको ठाउँमा थोरै जमिन हुने साना कृषकहरुका लागि दीर्घकालीन आयश्रोत बन्न सक्ने तथ्यलाई नकार्न सकिदैन्।

कृषि विज्ञ रामेश्वर महतोको अनुसार हाम्रो यहाँ तराईका पूर्वी जिल्लाहरुमा विगत दुई दशकदेखि पान खेती हुँदै आएको छ। नेपालमा पनि केही समय अघिदेखि तुलनात्मक दृष्टिले थोरै क्षेत्रफलमा भएपनि झापा जिल्लाको शनिश्चरे, मोरङ्गका लेटाङ्ग, मधुमल्ला, सुनसरीको पञ्चकन्या र श्रीपुर तथा सप्तरी जिल्लामा व्यावसायिक स्तरमा परीक्षणको रुपमा पान खेती गर्न थालिएको पाइन्छ।

# थप तीन हजार ५१७ मा कोरोना संक्रमण पुष्टि

काठमाडौँ, १४ कात्तिक (रासस)।

देशभर पछिल्लो २४ घण्टामा थप तीन हजार ५१७ जनामा कोभिड -१९ को सङ्क्रमण पुष्टि भएको छ। पछिल्लो समय १४ हजार ९८९ जनाको स्वास्थ्य परीक्षण गर्दा दुई हजार १५६ पुरुष र एक हजार ३६१ महिलामा सङ्क्रमण पुष्टि भएको हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार यसँगै नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या एक लाख ६८ हजार २३५ पुगेको छ।

हाल देशभर सक्रिय सङ्क्रमित ३८ हजार ३५७ जना रहेका छन्, जुन सङ्क्रमितमध्ये २२.८ प्रतिशत हो। मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा निको हुनेको सङ्ख्या चार हजार ९६ छ। यससँगै निको हुनेको सङ्ख्या एक लाख २८ हजार ९५८ पुगेको छ। हाल देशभर दुई हजार ६६६ जना क्वारेन्टिनमा छन्।

**थप १६ को मृत्यु**

हालसम्म देशभर कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ९२० पुगेको छ। पछिल्लो २४ घण्टामा थप १६ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ।

**उपत्यकामा एक हजार ८८८ थप**

पछिल्लो २४ घण्टामा काठमाडौँ उपत्यकामा एक हजार ८८८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। मन्त्रालयका अनुसार काठमाडौँमा एक हजार ५०८, ललितपुरमा २४९ र भक्तपुरमा १३१ जनामा सङ्क्रमण पुष्टि भएको छ।

हालसम्म काठमाडौँ जिल्लामा कुल सङ्क्रमितको सङ्ख्या ६० हजार ७४२ पुगेको छ। तीमध्ये ४४ हजार २८८ जना निको भएका छन् भने २१२ जनाको मृत्यु भएको छ। त्यसैगरी ललितपुरमा कुल सङ्क्रमितको सङ्ख्या आठ हजार ५९९ रहेकामा ६ हजार १९६ जना निको भएका छन् र ५८ जनाको मृत्यु भएको छ।

भक्तपुरमा पाँच हजार ६५० जना सङ्क्रमित भएकामा चार हजार ४२२ जना निको भएका छन् र ६३ जनाको मृत्यु भएको छ।

# रात्रिकालीन खेल हेर्ने विराटनगरवासीको चाहना पूरा हुँदै

मोरङ, १४ कात्तिक (रासस)। विराटनगरवासीको रात्रिकालीन खेलकूद हेर्ने चाहना आगामी मङ्सीरदेखि पूरा हुने भएको छ। वर्षको नौ महिना प्रचण्ड गर्मी हुने यस क्षेत्रमा रात्रिमा खेलकूद हेर्ने नागरिकको इच्छा प्रदेश सरकारको सहयोगले पूरा गर्न लागेको हो।

सरकारको लगानीबाट पहिलोपटक यस क्षेत्रमा उक्त फ्लड लाइट जडान गर्न लागिएको काठमाडौंको दशरथ रङ्गशालापछि यो दोश्रो रहेको मानिन्छ। प्रदेश सरकारको रु पाँच करोडको लगानीमा फ्लड लाइट जडान गरिने भएको हो। विराटनगरको शहीद रङ्गशाला रात्रि खेलकूदका लागि आवश्यक पर्ने फ्लड लाइटका सम्पूर्ण सामग्री शुक्रबार रङ्गशालाको मैदान आइपुगेको छ। जडान गर्ने कार्य आगामी मङ्सिर भित्रमा काम सम्पन्न हुनेछ।

गत वर्षको असोज १ गते सामाजिक विकास मन्त्रालय र कार्की बन्धु अमर जेभीबीच ३२ देखि ३५ मिटरसम्मको उचाइको हुने प्रत्येक फ्लड लाइट फ्रेममा १ हजार वाटको २७ वटा बत्ती जडान गर्नेगरी रु चार करोड २९ लाखमा ठेक्का सम्झौता भएको थियो। सामग्रीको अनुगमनपश्चात प्रदेशका सामाजिक विकासमन्त्री जीवन घिमिरेले बन्दाबन्दीका कारण निर्धारित मितिमा काम सम्पन्न हुन नसकेको बताउँदै अब ढिलाइ नहुने बताउनुभयो।

ठेकेदार कम्पनीका प्रोपाइटर गणेश कार्कीले कोभिड- १९ का कारण निर्माण सामग्री ल्याउन नसकेकाले जडानमा ढिलाइ भएको बताउनुभयो।

# आकाशदीप दान, कार्तिक स्नान र तुलसी पूजा

काठमाडौँ, १५ कात्तिक (रासस)। प्रत्येक वर्ष आश्विन शुक्ल पूर्णिमाका दिन शुरु हुने कार्तिक स्नान, आकाशदीपदान एवं तुलसीको विशेष पूजाराधना शुक्रबारदेखि शुरु गरिँदैछ। आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म कार्तिक स्नानसहित तुलसीको विशेष पूजा र आकाशदीपदान गरेमा सौभाग्य, सम्पत्ति एवं श्रेय प्राप्ति हुने धार्मिक विश्वास छ। आकाशदीपदान पाएसम्म बाँस, नपाएमा पलाँस, खयर, पीपल आदिको लिङ्गो ठड्याएर बालिन्छ। आकाशदीपदान भगवान् विष्णुलाई समर्पण गरी बालिन्छ।

आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म कार्तिक स्नान गरी घरघरमा विशेषरुपमा गरिने तुलसी पूजाबाट मनोकामना पूरा हुने धार्मिक विश्वास छ। तुलसी पूजा सूर्योदयअघि नै गरिसक्नुपर्ने मान्यता छ। आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक स्नान गरे महापातकबाट पनि मुक्त भइने धार्मिक विश्वास रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो।

कार्तिक स्नान गर्नेले शुक्रबारदेखि कार्तिक शुक्ल पूर्णिमासम्म दुई दल भएका मास, मुगी, मुसुरो, चना, भटमास आदि अन्न खान नहुने शास्त्रीय मान्यता छ। यस अवसरमा शुक्रबार स्वयम्भू चैत्यमा महादीपदानसमेत गरिन्छ।

आश्विन शुक्ल पूर्णिमाकै दिन मनाइने कोजाग्रत पूर्णिमा भने शुक्रबार राति नै मनाइएको छ। मध्यरातमा पूर्णिमा भएका दिन कोजाग्रत र सूर्योदय एवं सायंकालमा पूर्णिमा भएका दिन पूर्णिमा व्रत, कार्तिक स्नान शुरु, आकाशदीपदान र तुलसीको विशेष पूजाराधना गर्नुपर्ने शास्त्रीय वचन रहेको अध्यक्ष धर्मशास्त्रविद् गौतमले उल्लेख गर्नुभयो।






## विश्व समाचार

# प्रविधिका क्षेत्रमा आत्मनिर्भर हुने चीनको महत्वाकाँक्षी योजना सार्वजनिक

बेइजिङ, १४ कात्तिक (रासस-एपी)।

चिनियाँ नेताहरूले उच्च स्तरको प्रविधिका क्षेत्रमा आत्मनिर्भर हुने गरी नयाँ पञ्चवर्षीय योजना अघि सारेका छन्। पछिल्लो समय अमेरिकी कम्प्युटर चिप्सहरू र अन्य उच्च-प्रविधिका अवयवहरूको पहुँचमा अमेरिकाले बाधा उत्पन्न गरेपछि चीनले नयाँ महत्वाकाँक्षी योजना सार्वजनिक गरेको हो।

सत्तारुढ कम्युनिष्ट पार्टीका नेताहरूले नयाँ पञ्चवर्षीय योजनाको मस्यौदा बिहीबार बेइजिङमा सार्वजनिक गर्दै यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन्।

राष्ट्रपति सी जिनपिङको नेतृत्वको चीनले ट्रम्प प्रशासनले अमेरिकी प्रविधि बिक्रीमा लगाएको प्रतिबन्धबाट सिर्जित क्षतिलाई सीमित गर्ने प्रयास गरिरहेको छ। अमेरिकाले खासगरी सुरक्षा र जासुसीको आरोप लगाउँदै चिनियाँ प्रविधि कम्पनीहरुलाई एकपछि अर्को आदेशद्वारा अमेरिकी चिप्सहरु बिक्री गर्न रोकिराखेको छ।

चिनियाँ कम्पनीहरुले टेलिकम, बायोटेक र अन्य क्षेत्रमा प्रतिस्पर्धा गर्न थालेपछि अमेरिकाले नयाँ रणनीति अपनाउन थालेको चिनियाँ नेताहरुको बुझाई छ। चिनियाँ कम्युनिष्ट पार्टीद्वारा प्रकाशित विज्ञप्तिमा "विज्ञान र प्रविधि राष्ट्रिय विकासको लागि रणनीतिक महत्वका भाएकाले यो क्षेत्र आत्मनिर्भर हुनु पर्दछ" भनिएको छ। विज्ञान र प्रविधिमाथिको सामर्थ्य निर्माणका कार्यलाई द्रुत गतिमा अघि बढ्नुपर्ने विज्ञप्तिमा उल्लेख छ तर यसबारे विस्तृत विवरण दिइएको छैन।

चीनमा सन् १९५० को दशकदेखि पञ्चवर्षीय योजना लागू छ। चार दशकयता खुला बजार र आर्थिक उदारीकरणको नीति अंगालेको चीनले पञ्चवर्षीय योजनाका आधारमा देशको समग्र आर्थिक, सामाजिक तथा पूर्वाधार विकासलाई सम्बोधन गर्ने गरेको छ जसमा चिनियाँ कम्युनिष्ट पार्टीको भूमिका प्रमुख रुपमा रहने गरेको छ।

योजनाको पूर्ण विवरण अर्को वर्षको मार्चमा सार्वजनिक गरिनेछ। नियमहरुमा संशोधन तथा उद्योगहरुका लागि नयाँ योजना त्यसपछि अगाडि सारिने बताइएको छ।

बिहीबार सार्वजनिक वक्तव्यमा "हरित र कम कार्बनयुक्त विकास"लाई बढावा दिइने तथा चिनियाँको जीवनस्तर माथि लैजाने वाचा गरिएको छ। साथै वक्तव्यमा २३ लाख सैनिकलाई थप सुदृढ र सुसज्जित गरी "राष्ट्रिय सार्वभौमिकताको रक्षा गर्न" सक्षम तुल्याइने उल्लेख छ।

चीनले हाल एक "जटिल अन्तर्राष्ट्रिय परिस्थितिको सामना गरिरहेको छ," वक्तव्यमा भनिएको छ, तर कोरोनाभाइरस महामारी वा अमेरिकासँगको कर युद्धका बारेमा कुनै उल्लेख गरिएको छैन। चीनका कारखानाहरूले विश्वको अधिकांश स्मार्टफोन, पर्सनल कम्प्युटर र दैनिक उपभोग्य इलेक्ट्रोनिक्स उत्पादन गर्दछन्, तर त्यसका लागि अमेरिकी, युरोपियन र जापानी सामान जरुरी हुन्छ। चिनियाँ कम्युनिष्ट नेताहरूले यी वस्तुको उत्पादनमा विदेशीसँगको परनिर्भरतालाई रणनीतिक कमजोरीको रूपमा हेर्छन्।

बिहीबारको वक्तव्यमा कुनै खास प्रविधिका बारेमा उल्लेख छैन, तर नेताहरूले विशेष गरी चीनमा उत्पादित स्मार्टफोन, इलेक्ट्रिक कारहरू र अन्य प्रविधिमा प्रयोग गरिने प्रसेसर चिप्सहरुका लागि अमेरिकासँग निर्भर रहनु परेकामा चिन्ता व्यक्त गरेका छन्।

चीनले मूल्यका आधारमा हाल कच्चा तेलको भन्दा बढी मूल्यको सेमीकन्डक्टर आयात गर्दछ। टेलिकम उपकरण निर्माता हुवावे टेक्नोलोजिजले अहिले चिप्स र अन्य उपकरण निर्माण गर्न थालिसकेको छ। तर, यसले आफ्ना सबै आवश्यकता पूर्ति गर्न सक्दैन।

राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०१८ मा चिनियाँ कम्पनीमाथि दबाब बढाएसँगै चिनियाँहरुले प्रसेसर चिप्स र प्रविधि विकासतर्फ ध्यान दिन थालेका हुन्। गत वर्ष, ह्वाइट हाउसले चिनियाँ चिप्स र अन्य सामानको आयातमा समेत कडा नियन्त्रण घोषणा गरेको थियो।

# विश्वभरी कोरोना संक्रमितको संख्या चार करोड ५० लाख नाघ्यो

न्युयोर्क, १४ कात्तिक (रासस/एएनआई)।

विश्वभरी महामारीको रुपमा फैलिएको कोरोनाभाइरसका कारण सङ्क्रमित भएकाहरुको संख्या चार करोड ५० लाखभन्दा बढी पुगेको छ। जोन्स हप्किन्स विश्वविद्यालयले सार्वजनिक गरेको पछिल्लो विवरण अनुसार विश्वभरी चार करोड ५० लाख १८ हजार ३५४ जना सङ्क्रमित भएका छन्।

कोरोनाका कारण विश्वभरी अहिलेसम्म एघार लाख ८० हजार मानिसको मृत्यु भएको पनि विवरणहरुमा जनाइएको छ। सङ्क्रमित भएकाहरुको संख्याका आधारमा हेर्दा सबैभन्दा धेरै प्रभावित अमेरिका रहेको छ भने दोस्रोमा भारत, तेस्रोमा ब्राजिल, चौथोमा रुस र पाँचौंमा फ्रान्स रहेका छन्। अमेरिकामा अहिलेसम्म ९२ लाख १२ हजार ७६७ जना सङ्क्रमित भएका छन् भने दुई लाख ३४ हजार १७७ को मृत्यु भएको छ।

त्यसैगरी भारतमा ८० लाख ८८ हजार ८५१ जना सङ्क्रमित हुँदा एक लाख २१ हजार १३१ जनाको मृत्यु भएको विश्वविद्यालयले जनाएको छ। तेस्रो अग्रस्थानमा रहेको ब्राजिलमा ५४ लाख ९६ हजार ४०२ जना सङ्क्रमित र एक लाख ५९ हजार ३३ जनाको मृत्यु भएको छ।

त्यसैगरी चौथो क्रममा रहेको रुसमा १५ लाख ९९ हजार ९७६ जना सङ्क्रमित र २७ हजार ६५६ जनाको मृत्यु भएको छ भने फ्रान्समा १२ लाख ८२ हजार ७६९ जना सङ्क्रमित र ३६ हजार २० जनाको मृत्यु भएको छ।

कोरोनाभाइरसको महामारी अहिलेसम्म विश्वका २१८ देशमा फैलिएको छ भने सङ्क्रमित भएर पनि निको भइसकेकाहरुको संख्या तीन करोड ३० लाख १८ हजार ६९७ रहेको छ। त्यसैगरी अहिलेपनि सङ्क्रमित अवस्थामै रहेका कुल एक करोड ११ लाख ७६ हजार ४२५ मध्ये एक करोड दश लाख ९४ हजार १४३ जनाको अवस्था मध्यम रहेको छ।

